जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २४२ • २०८३ असार ८ गते सोमवार • 22 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## सम्सीमा मातृ तथा पेरिभेटल मृत्यु निगरानीसम्बन्धी अभिमुखीकरण सम्पन्न

**मो. इर्शाद**
**महोत्तरी, ७ असार**

महोत्तरीको सम्सी गाउँपालिकामा मातृ तथा पेरिभेटल मृत्यु निगरानी तथा प्रतिकार्यसम्बन्धी दुईदिने अभिमुखीकरण कार्यक्रम आइतबार पालिकाको सभाहालमा सम्पन्न भएको छ ।

स्वास्थ्य कार्यालय महोत्तरीको आयोजनामा आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रम अन्तर्गत सञ्चालन गरिएको अभिमुखीकरणमा स्वास्थ्यकर्मी तथा सरोकारवालाको सहभागिता रहेको थियो । दुई दिनसम्म सञ्चालन भएको कार्यक्रममा मातृ तथा नवजात शिशुको मृत्युदर न्यूनीकरण, मृत्युका कारणको पहिचान तथा प्रभावकारी प्रतिकार्यका उपायबारे प्रशिक्षण दिइएको स्वास्थ्य कार्यालयले जनाएको छ। कार्यक्रममा मातृ तथा पेरिभेटल मृत्यु निगरानी तथा प्रतिकार्य प्रणालीको अवधारणा, यसको आवश्यकता र कार्यान्वयन प्रक्रियाबारे पनि विस्तृत छलफल गरिएको थियो । सहभागीहरूलाई तथ्यांक संकलन, विश्लेषण, कार्ययोजना निर्माण, प्रतिकार्य तथा




प्रतिवेदन तयारीसम्बन्धी व्यावहारिक ज्ञान र सीप हस्तान्तरण गरिएको जनाइएको छ ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष रामनाथ यादव, प्रमुख प्रशासकीय अधिकृत रञ्जितकुमार यादव, वडाध्यक्ष कैलास यादव र राकेश यादव, स्वास्थ्य कार्यालय महोत्तरीकी नर्सिङ फोकल पर्सन प्रतिभा सिंह, निमित्त प्रमुख प्रशासकीय अधिकृत संजयबाबु यादव, स्वास्थ्य शाखा प्रमुख संजयकुमार यादव, अरुणकुमार साह तथा दीपेन्द्र झालगायतको उपस्थिति रहेको थियो । प्रशिक्षकका रूपमा राजकुमारले सहजीकरण गरेका थिए । आयोजकका अनुसार कार्यक्रमको उद्देश्य समुदाय तथा स्वास्थ्य संस्थाबाट मातृ तथा पेरिभेटल मृत्युसम्बन्धी सूचना संकलन गरी रोकथाम गर्न सकिने मृत्यु न्यूनीकरण गर्नु तथा मातृ-नवजात शिशु स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्नु हो । कार्यक्रमलाई सम्बोधन गर्दै सम्सी गाउँपालिकाका अध्यक्ष रामनाथ यादवले मातृ तथा पेरिभेटल मृत्यु न्यूनीकरणका लागि यस्ता अभिमुखीकरण कार्यक्रम प्रभावकारी हुने विश्वास व्यक्त गरे। उनले यस्ता कार्यक्रमले मातृ तथा नवजात शिशुको जीवन रक्षा, स्वास्थ्य सेवाको गुणस्तर सुधार तथा समग्र जनस्वास्थ्य प्रणालीलाई थप सुदृढ र प्रभावकारी बनाउन महत्वपूर्ण योगदान पुग्ने बताए । साथै, स्वास्थ्यकर्मी र सरोकारवाला बीचको समन्वय तथा जिम्मेवारीबोध बढाउन पनि कार्यक्रम उपयोगी हुने उनको भनाइ थियो ।

## जनता समाजवादी पार्टी (जसपा) नेपाल धनुषाले जिल्ला स्तरीय अगुवा कार्यकर्ता भेला आयोजना




**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ७ असार**

जनता समाजवादी पार्टी (जसपा) नेपाल धनुषाले जिल्ला स्तरीय अगुवा कार्यकर्ता भेला आयोजना गर्न लागेको छ ।

पार्टीको जिल्ला समिति धनुषाका अनुसार असार ९ गते मंगलबार बिहान ११:३० बजे जनकपुरधाम उपमहानगरपालिका -४ स्थित रौनियार धर्मशालामा भेला आयोजना गर्न लागिएको हो । भेलामा पार्टीका केन्द्रीय पदाधिकारी तथा सदस्यहरू, मधेश प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरू, जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरू, क्षेत्रीय तथा प्रदेशसभा क्षेत्रीय समितिका पदाधिकारी तथा सदस्यहरू, पालिका तथा वडा समितिका पदाधिकारी तथा सदस्यहरूलाई सहभागी हुन आह्वान गरिएको छ। यस्तै, पार्टीका विभिन्न तहका भ्रातृ संगठनका पदाधिकारी तथा सदस्यहरू तथा धनुषा जिल्लाभित्रका निर्वाचित जनप्रतिनिधिहरूलाई समेत भेलामा अनिवार्य रूपमा उपस्थित हुन आग्रह गरिएको छ । जिल्ला समितिले जारी गरेको सूचनामा संगठन सुदृढीकरण, आगामी राजनीतिक कार्यक्रम तथा पार्टी गतिविधिबारे छलफल गर्न भेला आयोजना गरिएको उल्लेख गरिएको छ । पार्टीले सबै सम्बन्धित नेता, कार्यकर्ता तथा जनप्रतिनिधिहरूलाई समयमै उपस्थित भई कार्यक्रम सफल बनाउन अनुरोध गरेको छ ।

जसपा नेपालले मधेशको अधिकार, पहिचान र समृद्धिको एजेन्डालाई थप सशक्त बनाउन यस्ता संगठनात्मक कार्यक्रमलाई निरन्तरता दिँदै आएको जनाएको छ ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open !
+2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence









## गर्मी मौसममा सावधानी अपनाऔं, सुरक्षित बनौं

- पर्याप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं,
- अत्यधिक घाममा लामो समयसम्म नबसौं,
- चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं,
- जंकफूड, बासी, सडेगलेका तथा दुषित खानेकुरा नखाऔं ।
- बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं,
- तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवाहीको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# बाध्यतावश बिदेसिन विवश

*वैदेशिक रोजगारी आफैंमा नकारात्मक विषय होइन । संसारभर श्रमको अन्तर्राष्ट्रिय आवागमन सामान्य प्रक्रिया रहेको छ। तर, जब बिदेसिनु अवसरको खोजीभन्दा बढी बाध्यता बन्छ, तब त्यसले राज्यको विकास मोडेलमाथि प्रश्न उठाउँछन । विदेशमा लाखौं नेपालीले आफ्नो श्रम बेचेर देशको अर्थतन्त्रमा योगदान गरिरहेको छ। तर, ती श्रमिकको पसिनाले निर्माण भएको पुँजीलाई स्वदेशमै उत्पादन र रोजगारी सिर्जनामा प्रयोग गर्न नसक्नु र ाज्यको कमजोरी रहेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा देखिएको भीडले एउटा गम्भीर सन्देश दिएका छन । यो दृश्य केवल यात्रुहरूको आवागमन होइन; यो देशको आर्थिक संरचना, रोजगार नीति र विकास दृष्टिकोणको प्रतिविम्ब रहेको छ । हजारौं युवा आफ्नो परिवारको उज्ज्वल भविष्यको सपना बोकेर विदेशतर्फ प्रस्थान गरिरहेको छ। तर, उनीहरूको मनभित्र एउटा साझा चाहना जीवित रहेका छन- 'यदि स्वदेशमै सम्मानजनक रोजगारी पाएको भए, सायद विदेशिनु पर्ने थिएन होला ।' नेपालबाट अहिले औसतमा हरेक दिन करिब २ हजार ३ सय नेपाली वैदेशिक रोजगारीका लागि विदेशिने गरेको छ ।*

*अर्थात्, प्रत्येक घण्टा करिब ९५ जना र प्रत्येक ४० सेकेन्डमा एक नेपाली आफ्नो देश छोडेर रोजगार को खोजीमा विदेश प्रस्थान गरिरहेको देखिन्छ । वार्षिक रूपमा यो संख्या ८ लाखभन्दा माथि पुगिसकेका छन । यो तथ्यांकले एउटा तितो यथार्थ उजागर गर्छ- नेपालका युवाहरू अवसरको खोजीमा विदेश गइरहेका छैन, उनीहरू बाध्यतावश बिदेसिन विवश भइरहेको छ ।*

# प्रथम वडा स्तरीय क्रिकेट प्रतियोगिता-२०८३ आइतबारदेखि औपचारिक रूपमा सुरु

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ७ असार**

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ५ को आयोजनामा प्रथम वडा स्तरीय क्रिकेट प्रतियोगिता-२०८३ आइतबारदेखि औपचारिक रूपमा सुरु भएको छ।



वडा नं. ५ का अध्यक्ष बेचन साहु हलुवाईको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा प्रमुख अतिथि नेपाल आभूषण महासंघ मधेश प्रदेशका अध्यक्ष पवन ठाकुर, विशिष्ट अतिथि कार्यपालिका सदस्य राकेश विक्रम साह, सञ्चारकर्मी तथा खेलाडीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि ठाकुरले खेलकुदलाई युवाको क्षमता विकास, अनुशासन र सामाजिक एकताको माध्यमका रूपमा लिनुपर्ने बताए। उनले स्थानीय तहमा यस्ता प्रतियोगिताले खेलाडी उत्पादन र प्रतिभा पहिचानमा महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गरे।

विशिष्ट अतिथि कार्यपालिका सदस्य राकेश विक्रम साहले वडा स्तरमै क्रिकेट प्रतियोगिता आयोजना हुनु सकारात्मक कदम भएको भन्दै यसले युवालाई सकारात्मक दिशामा उन्मुख गराउने विश्वास व्यक्त गरे।

उनले स्थानीय सरकार खेलकुद पूर्वाधार विकासमा अझ सक्रिय हुनुपर्ने आवश्यकता समेत औंल्याए। कार्यक्रमका अध्यक्ष वडा अध्यक्ष बेचन साहु हलुवाईले वडा नं. ५ लाई खेलकुद गतिविधिको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य रहेको बताउँदै प्रतियोगिताले स्थानीय युवामा प्रतिस्पर्धात्मक भावना र अनुशासन बढाउने विश्वास व्यक्त गरे। उनले आगामी दिनमा यस्ता कार्यक्रमलाई अझ व्यवस्थित र विस्तारित रूपमा सञ्चालन गर्ने प्रतिबद्धता समेत जनाए। उद्घाटन समारोहपछि प्रतियोगिताका प्रारम्भिक खेलहरू सुरु गरिएको आयोजकले जनाएको छ। प्रतियोगितामा विभिन्न टिमहरूको सहभागिता रहेको छ।

# भैंसी गोठमा सुतिरहेका एक वृद्धको धारिलो हतियार प्रहार गरी हत्या



**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, ७ असार**

सर्लाहीमा भैंसी गोठमा सुतिरहेका एक वृद्धको धारिलो हतियार प्रहार गरी हत्या गरिएको छ। बसबरिया गाउँपालिका-१ मानपुरका ५२ वर्षीय होशनारायण राय यादवको शनिबार मध्यराति हत्या भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

प्रहरीका अनुसार यादव आफ्नै भैंसी गोठमा सुतिरहेका बेला राति करिब १२ बजे अपरिचित समूहले उनको घाँटीमा धारिलो हतियार प्रहार गरेको थियो। आक्रमणपछि गम्भीर घाइते भएका उनलाई परिवारका सदस्यले तत्काल अस्पताल लैजाने प्रयास गरेका थिए। तर, बाटोमै उनको मृत्यु भएको प्रहरीले जनाएको छ।

घटनापछि शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवामा राखिएको छ। घटनाको कारण र संलग्न व्यक्तिहरूको पहिचान खुल्न नसकेको प्रहरीले जनाएको छ। इलाका प्रहरी कार्यालय बरहथवाका डीएसपी गोपीकृष्ण सुवेदीका अनुसार घटनाबारे अनुसन्धान अघि बढाइएको छ र दोषीको खोजी कार्य तीव्र पारिएको छ। मृतकका जेठा छोरा सुवासकुमारले आफ्नो बुबा सरल र शान्त स्वभावका व्यक्ति भएको बताउँदै कसैसँग कुनै प्रकारको विवाद नरहेको जानकारी दिए। उनले हत्याको कारणबारे आफूहरू पनि अन्योलमा रहेको बताए।

प्रहरीले घटनामा संलग्न व्यक्तिहरूको पहिचान गरी छिट्टै पक्राउ गर्ने प्रयास भइरहेको जनाएको छ।

## सूचना ! सूचना !! सूचना !!!

**- उत्पादन मुलक साझेदारीको माध्यमबाट कृषि बजार श्रृंखला मजबुत गर्ने ।**
**- संघिय संरचनामा आवश्यक नितिगत खाका उपयुक्त संरचनाहरु र अन्य सहयोगी सेवाहरु मार्फत उद्यमशिल वातावरण निर्माण गर्न सहयोग पुऱ्याउने ।**
**- कोभिड १९ को असरबाट प्रभावित खाद्य आपुर्ति श्रृंखला सुधार गर्ने र स्थानिय अर्थ व्यवस्था सुदृढ गर्ने ।**

**ग्रामिण उद्यम तथा आर्थिक विास आयोजना**
**आर्थिक करीडोर कार्यालय**
**बर्दिवास महोत्तरी, मधेश प्रदेश**

## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: आम्दानी हुने
मिथून: लामो यात्राको योग छ
कर्कट: पिछडेको साथी मिल्न
सिंह: अनावश्यक चिन्ता
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: मनमा पछुतो आउने
धनु: मित्रतामा फाटो आउने
मकर: खानपानमा समस्या आउने
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव



**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| विहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पुजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| विहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पुजा आरती साँझ | ०७:३० बजे |

# ‘मोनास्टिक फ्याकल्टी इग्नाइट २०२६’ कार्यक्रमको आयोजना



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ७ असार**

जनकपुरधामस्थित मोनास्टिक कलेजले नयाँ शैक्षिक सत्रको तयारी स्वरूप ‘मोनास्टिक फ्याकल्टी इग्नाइट २०२६’ कार्यक्रमको आयोजना गरेको छ।

कार्यक्रम मार्फत शिक्षक तथा कर्मचारीहरूलाई संस्थागत लक्ष्य, व्यावसायिक विकास र गुणस्तरीय शिक्षाप्रतिको साझा प्रतिबद्धताबारे उत्प्रेरित गरेको हो। कार्यक्रमको पहिलो दिन व्यवस्थापन, कानुन तथा शिक्षा संकायका करिब ७० जना शिक्षक तथा कर्मचारीको सहभागिता रहेको थियो। कार्यक्रममा शैक्षिक गुणस्तर अभिवृद्धि, समन्वयात्मक कार्यसंस्कृति, नेतृत्व विकास तथा विद्यार्थीकेन्द्रित शिक्षण पद्धतिका विषयमा छलफल गरिएको कलेजले जनाएको छ।

मोनास्टिकका निर्देशक डा. सोनु साहले बदलिँदो शैक्षिक परिवेशमा शिक्षकहरूको भूमिका अझ महत्वपूर्ण बन्दै गएको उल्लेख गर्दै संस्थाको सफलता शिक्षक र कर्मचारीहरूको समर्पणमा निर्भर रहने बताए। उनले भने, ‘शिक्षा पाठ्यपुस्तकमा सीमित विषय मात्र होइन, यो भविष्य निर्माण गर्ने माध्यम हो। त्यसैले शिक्षकहरूले ज्ञानसँगै प्रेरणा, अनुशासन र नेतृत्व क्षमता पनि विद्यार्थीमा विकास गर्नुपर्छ।’

निर्देशक साहले ‘फ्याकल्टी इग्नाइट २०२६’ कार्यक्रमले शिक्षक तथा कर्मचारीबीच सहकार्य, अनुभव आदानप्रदान र संस्थागत लक्ष्यप्रति एकरूपता कायम गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे। उनले आगामी शैक्षिक सत्रलाई थप उपलब्धिमूलक र परिणाममुखी बनाउन सबैले साझा जिम्मेवारीका साथ अघि बढ्नुपर्नेमा जोड दिए।

कार्यक्रममा सहभागी शिक्षक तथा कर्मचारीहरूले पनि नयाँ शैक्षिक सत्रका लागि आवश्यक रणनीति, चुनौती र अवसरबारे विचार आदानप्रदान गरेका थिए। संस्थाले यस्ता कार्यक्रममार्फत शैक्षिक उत्कृष्टता हासिल गर्ने तथा विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्य लिएको जनाएको छ। कार्यक्रमको दोस्रो दिन विज्ञान संकायका शिक्षक तथा कर्मचारीहरूको सहभागितामा विभिन्न विषयगत सत्र सञ्चालन गरिने कलेजले जनाएको छ। मोनास्टिक कलेजले ‘साथमा सिकौँ, साथमा बढौँ’ भन्ने भावनाका साथ शिक्षक तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्दै आगामी पुस्ताका दक्ष, जिम्मेवार र सक्षम नागरिक निर्माणमा योगदान पुर्‍याउने प्रतिबद्धता व्यक्त गरेको छ।

# गौशाला नगरपालिकाले आर्थिक वर्ष २०८३/८४ का लागि कुल रु १ अर्ब ५ लाख १ हजार बराबरको बजेट सार्वजनिक




**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ७ असार**

गौशाला नगरपालिकाले आर्थिक वर्ष २०८३/८४ का लागि कुल रु १ अर्ब ५ लाख १ हजार बराबरको बजेट सार्वजनिक गरेको छ। आइतबार सम्पन्न नगरसभाको १६औँ अधिवेशनमा नगर प्रमुख डा. दीपेन्द्र महतो ले आगामी आर्थिक वर्षको आय-व्यय अनुमान प्रस्तुत गर्नुभएको हो।

प्रस्तुत बजेटमा संघीय सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने अनुदान तथा राजस्वलाई प्रमुख आयस्रोतका रूपमा समेटिएको छ। जसअनुसार वित्तीय समानीकरण अनुदानतर्फ रु १६ करोड ९ लाख, राजस्व बाँडफाँडतर्फ रु १४ करोड ४१ लाख ७४ हजार, सशर्त अनुदानतर्फ रु ३० करोड ३९ लाख, विशेष अनुदानतर्फ रु २ करोड ५२ लाख र समपूरक अनुदानतर्फ रु १ करोड २३ लाख प्राप्त हुने अनुमान गरिएको छ। त्यस्तै, प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदानतर्फ रु ११ करोड ९९ लाख १२ हजार, विशेष, समपूरक तथा सशर्त अनुदानतर्फ रु १ करोड १० लाख र प्रदेश राजस्व बाँडफाँडतर्फ रु १ करोड ५ लाख ३६ हजार प्राप्त हुने प्रक्षेपण गरिएको छ। नगरपालिकाले स्थानीय राजस्व बाँडफाँडबाट रु ५ करोड, आन्तरिक आयबाट रु ५ करोड ७८ लाख १५ हजार तथा बैंक मौज्दातबाट रु २ करोड ९० लाख ६६ हजार २ सय आम्दानी हुने अनुमान गरेको छ।

बजेट प्रस्तुत गर्दै नगर प्रमुख डा. महतोले सीमित स्रोत-साधनका बीच नगरवासीको आवश्यकता र विकासका प्राथमिकतालाई आधार बनाएर बजेट निर्माण गरिएको बताउनुभयो। उहाँका अनुसार कृषि उत्पादन वृद्धि, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवाको विस्तार, स्वरोजगार प्रवर्द्धन तथा पूर्वाधार विकासलाई बजेटमा विशेष प्राथमिकता दिइएको छ। “स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै उत्पादनमुखी, रोजगारमुखी र जनमुखी कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ,” नगर प्रमुख महतोले भन्नुभयो, “बजेटको प्रभावकारी कार्यान्वयनबाट नगरवासीले प्रत्यक्ष लाभ पाउने अपेक्षा गरेका छौं।” बजेट सार्वजनिक कार्यक्रममा वडा अध्यक्षहरू, कार्यपालिका सदस्य, नगरसभा सदस्य, शिक्षक, कर्मचारी तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो। नगरपालिकाले आगामी आर्थिक वर्षमा विकास निर्माणका काम र सार्वजनिक सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने लक्ष्य लिएको जनाएको छ।

**सूचना ! सूचना !! सूचना !!!**

**कृषि यान्त्रीकरण मार्फत कृषि क्षेत्रलाई आधुनिक र व्यवसायिक कृषिमा रुपान्तरण गरी समुन्नत र दिगो कृषि विकासमा जोड दिऔं ।**

**बिउबिजन प्रयोगशाला**
**महोत्तरी जलेश्वर, मधेश प्रदेश**

**सूचना ! सूचना !! सूचना !!!**

**कृषि यान्त्रीकरण मार्फत कृषि क्षेत्रलाई आधुनिक र व्यवसायिक कृषिमा रुपान्तरण गरी समुन्नत र दिगो कृषि विकासमा जोड दिऔं ।**

**कृषि ज्ञान केन्द्र**
**जलेश्वर महोत्तरी, मधेश प्रदेश**

**सूचना ! सूचना !! सूचना !!!**

**नहर सार्वजनिक सम्पती हो, नहरको रेखदेख गर्नु सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमीन अतिक्रमण गर्नु हुदैन । सरकारले निर्धारण गरेको नहरको क्षेत्रफल भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको बरखिलाफ हो ।**

**भु-तथा जलाधार व्यवस्थापन कार्यालय**
**जलेश्वर महोत्तरी, मधेश प्रदेश**

**सूचना ! सूचना !! सूचना !!!**

**सडक हामी सबैको साझा सम्पति हो । सडक सिमा अतिक्रमण नगरौं । सिमा भित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौ । निर्माण समग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडकमा दुर्घटनाबाट आफु पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

**सडक डिभिजन कार्यालय (विपि हाईवे)**
**बर्दिवास महोत्तरी मधेश प्रदेश**

# डिजिटल दिनचर्याले निम्त्याएको संकट

-डिजिटल प्रविधिको तीव्र विस्तारसँगै समाजमा परम्परागत सम्बन्ध र दिनचर्या भर्चुअल दुनियाँमा रूपान्तरण भई मानसिक स्वास्थ्यमा गम्भीर असर देखिएको छ । इन्टरनेट र स्मार्टफोनको लतले किशोर-किशोरी तथा बालबालिकामा डिप्रेसन, चिन्ता र अनिद्राजस्ता समस्या बढ्दै गएका छन् । सामाजिक सञ्जाल र एआईको अत्यधिक प्रयोगले ध्यान, धीरता र विवेकमा संकट ल्याएको छ, जसलाई रोक्न बलियो डिजिटल सुरक्षा नीति आवश्यक छ ।

कुनै व्यस्त सार्वजनिक स्थान, चिया पसल वा घर-परिवारमा नियाल्नुभयो भने एउटा रोचक दृश्य देखिन्छ। सँगै बसेका मानिसहरू एक-अर्कासँग बोलिरहेका हुँदैनन्, बरु आफ्नै हातमा रहेको चम्किलो पर्दाभित्र डुबिरहेका हुन्छन् । यो समाजको आधुनिक दिनचर्यामा आएको रूपान्तरणको ऐना हो । बिहान ब्युँझिएदेखि राति सुत्नुअघि मोबाइल हेर्ने बानी कसरी बन्यो र यसले हाम्रो चेतना, राजनीति तथा सामाजिक मूल्यलाई कहाँ लैजाँदै छ ? समाजमा परम्परागत रूपमा दिनचर्याले मानिसलाई एउटा मानसिक सुरक्षा र सामाजिक भरोसा दिने गर्थ्यो । बिहान उठेर छिमेकीसँग कुरा गर्नु, खाना खाँदा परिवारसँग गफिनु वा साँझ चौतारीमा भेला हुनु, हाम्रो सामाजिक जीवनको अंग थियो । यस्ता स्थापित दिनचर्याले मानिसलाई एक प्रकारको अस्तित्वगत सुरक्षा प्रदान गर्थ्यो । जसले गर्दा संसार अनुमानयोग्य र सुरक्षित छ भन्ने आभास हुन्थ्यो । तर जब डिजिटल प्रविधि समाजको दिनचर्यामा प्रवेश गर्‍यो, तब पुराना र जीवन्त सम्बन्धहरू भर्चुअल दुनियाँमा स्थानान्तरण भए । अब भर्चुअल दुनियाँ यति 'सामान्य' भइसकेका छन् कि यसले हाम्रो मनोवैज्ञानिक स्थिरता नै निर्धारण गर्न थालेको छ ।

यो सामान्यीकरण नै प्रविधिको सबैभन्दा ठूलो सफलता हो र सम्भवतः सबैभन्दा ठूलो प्रश्नचिह्न पनि । इन्टरनेट र स्मार्टफोनको पहुँच द्रुत गतिमा बढेसँगै समाजमा डिजिटल लत र मानसिक स्वास्थ्यको संकट तीव्र बनेको छ । हालै 'बीएमजे ओपन जर्नल' मा प्रकाशित नेपालका सहरी क्षेत्रका विद्यालय जाने किशोर-किशोरीहरूमा गरिएको एक अध्ययनले डरलाग्दो यथार्थ देखाएको छ । प्रतिवेदनअनुसार, ५१.१ प्रतिशत किशोर-किशोरीमा इन्टरनेटको लत पाइएको छ, जसमा २३.७ प्रतिशतमा मध्यम र २.४ प्रतिशतमा गम्भीर अवस्था देखिएको छ । अचम्मको विषय त, ८३ प्रतिशत किशोर-किशोरीसँग आफ्नै स्मार्टफोन छ र तीमध्ये ६६.५ प्रतिशतले दैनिक २ घण्टाभन्दा बढी समय इन्टरनेटमा बिताउँछन् । उनीहरूको मुख्य रोजाइ मनोरन्जन (४७.९ प्रतिशत) र युट्युब (४६.५ प्रतिशत) रहने गरेको छ ।

किशोर-किशोरीमा मात्र होइन, बालबालिकाको प्रारम्भिक मस्तिष्कसम्म पनि असर विस्तारित भइसकेको छ । 'जर्नल अफ चितवन मेडिकल कलेज' मा प्रकाशित पोखरा र नेपालका अन्य क्षेत्रमा ५ देखि ९ वर्षका बालबालिकामा गरिएको अध्ययनअनुसार, झन्डै ४७.४ देखि ५५.२ प्रतिशत बालबालिकाले दैनिक २ घण्टाभन्दा बढी समय स्क्रिनमा बिताउने गरेका छन् । आमाबुबाले आफ्ना बालबालिकालाई फकाउन वा खाना खुवाउनका लागि मोबाइल दिने प्रवृत्ति बढेको छ । परिणामतः नेपालका इन्टरनेट प्रयोगकर्ता किशोर-किशोरीहरूमध्ये ५४ प्रतिशतमा डिप्रेसन, ५६.७ प्रतिशतमा एन्जाइटी (चिन्ता) र ४५.३ प्रतिशतमा अनिद्रा जस्ता गम्भीर मानसिक समस्या देखा परेका छन् । समयको यो गतिसँगै हाम्रो ध्यान र सोच्ने क्षमतामा एउटा गम्भीर संकट देखा परेको छ । आजभोलि सामाजिक सञ्जालमा चल्ने छोटा भिडियो र 'रिल्स' को बाढीले हाम्रो धीरतालाई सुस्तरी समाप्त पार्दै छ । हिजोका दिनमा एउटा पूरा पुस्तक पढ्न वा लामो संवाद सुन्न सक्ने क्षमता भएकाहरू पनि आजकाल केही मिनेटको भिडियो पनि धीरतापूर्वक हेर्न नसक्ने अवस्था बनेको छ । चिया पाक्न लाग्ने समय वा बस कुर्नुपर्ने समय लामो सामान्यतया होइन, तर पर्खाइ असह्य हुन थालेको छ । हामी हरेक विषयमा



तत्काल सन्तुष्टि खोज्न थालेका छौं, जसले हाम्रो संज्ञानात्मक गहिराइलाई सतही बनाइदिँदै छ ।

समयको यो गतिसँगै हाम्रो ध्यान र सोच्ने क्षमतामा एउटा गम्भीर संकट देखा परेको छ । आजभोलि सामाजिक सञ्जालमा चल्ने छोटा भिडियो र 'रिल्स' को बाढीले हाम्रो धीरतालाई सुस्तरी समाप्त पार्दै छ । यसको सबैभन्दा डरलाग्दो र सूक्ष्म रूप हालै मधेश प्रदेशको परीक्षा हलहरूमा देखियो, जहाँ विद्यार्थीहरू पुस्तकको साटो स्मार्टफोनसहित समातिए । यो घटना केवल परीक्षाको विकृति मात्र होइन, बरु ज्ञान आर्जन गर्ने लामा र कठिन प्रक्रियाहरूका विरुद्ध 'सजिलो र तुरुन्त' नतिजा खोज्ने स्क्रिन-संस्कृतिको उपज हो । जब युवा मस्तिष्कले महिनौं लगाएर पढ्ने, बुझ्ने र स्मृतिमा राख्ने धीरता गुमाउँछ, तब ऊ परीक्षा हलमा पनि कृत्रिम बौद्धिकताको आत्मघाती शरणमा परिरहेको हुन्छ । देशको नीति निर्माण गर्ने सर्वोच्च थलो संसद् भवनमा पनि यही प्रवृत्ति देखिन्छ । हाम्रा जनप्रतिनिधिका भाषण, विधेयकका मस्यौदा र नीतिगत बहसहरू तयार गर्न एआई टुलमा निर्भर हुन थालेका छन् । एआईद्वारा लिखित भाषण पढ्नु वा जटिल सरकारी दस्तावेजको सारसंक्षेप निकाल्नुलाई 'दक्षता' ठान्न थालिएको छ ।

**साभार : कान्तिपुर ।**




**प्लान्ट कोरेन्टाइन कार्यालय**
**भिठ्ठामोड महोत्तरी, मधेश प्रदेश**

**सूचना ! सूचना !! सूचना !!!**

**पशुपंक्षीहरुमा लाग्ने महामारी रोग विरुद्ध खोप, परजिवी नियन्त्रण, घाँसखेती, बीमा, पशु कल्याण लगायतका असल पशुपंक्षी पालन अभ्यास अपनाई उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरौं ।**

**पशु कोरेन्टाइन कार्यालय**
**भिठ्ठामोड महोत्तरी, मधेश प्रदेश**

**दिगो प्राकृतिक श्रोतहरूको व्यवस्थापन बढाऔं :**

- जलवायु उत्थानशील भूउपयोग क्रियाकलापहरु लागु गरौं ।
- प्राकृतिक वनहरुको संरक्षण तथा पारिस्थितीक प्रणाली सुधार गरौं ।
- नदी प्रणालीमा रहेका प्राकृतिक वन र रुखहरुले ढाकेको क्षेत्र पुर्नस्थापन तथा व्यवस्थित बनाऔं ।

**चुरे उत्थानशिल योजना**
**बर्दिवास महोत्तरी, मधेश प्रदेश**




**खाद्य प्रविधि तथा गुण नियन्त्रण कोरेन्टाइन पोष्ट**
**मलिवारा महोत्तरी, मधेश प्रदेश**

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday